आज मिति २०८२।०७।२७ गते (ने.स.११४६ कछलागा नवमी) विहिबारवारका दिन विहानको ८:३० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८२/८३ को छैठौं वैठक गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा तपसिलको उपस्थितिमा सम्पन्न भयो।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठु वि.क | सदस्य | |
| कपिल पाण्डे | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

अन्य उपस्थिति :

| | | |
|---|---|---|
| रमेश थापा | सूचना प्रविधि अधिकृत | |
| लक्ष्मी के.सी. कार्की | कार्यालय सहयोगी | Laxmi |
| | | |
| | | |

**निर्णय नं १ :**

प्रस्ताव नं १ उपर छलफल गर्दा कार्यपालिकाको पूर्व निर्णयहरुको समीक्षा गर्दा अधिकांश निर्णयहरु कार्यन्वयन भइरहेको पाइयो ।

**निर्णय नं २:**

प्रस्ताव नं २ उपर छलफल गर्दा चालु आ.व. २०८२।८३ को स्वीकृत बजेट कार्यक्रम **"मानव सेवा आश्रमलाई सहयोग"** शिर्षकबाट रु २,००,०००/- (अक्षेरुपी दुई लाख) रकम मानव सेवा आश्रम, बाग्लुङलाई सहयोग दिने ।

**निर्णय नं ३:**

प्रस्ताव नं ३ उपर छलफल गर्दा गाउँपालिकाको प्रशासकीय भवनको लागि पोखरेवगर क्षेत्रमा जग्गा प्रासिको लागि प्रकृया अगाडी बढाउने ।

**निर्णय नं ४:**

प्रस्ताव नं ४ उपर छलफल गर्दा यस गाउँपालिकाभित्र बनेका स्थानीय सडकहरुको लगत व्यक्तिगत जग्गा धनिपुर्जाबाट लगत कट्टा गर्ने कार्यको लागि परामर्श सेवा खरिद गरी उक्त कार्य अघि बढाउने।

**निर्णय नं ५ :**

प्रस्ताव नं ५ उपर छलफल गर्दा ७ नं वडा कार्यालयको भवन निर्माणको लागि निःशुल्क जग्गा गर्न पुँजीगत लाभकर जग्गा धनीले तिर्न लगाउदा निजहरुले निशुल्क जग्गा पनि दिने र पुँजीगत लाभकर पनि तिर्नुपर्ने गरी दोहोरो मर्का पर्न जाने देखिएकाले गाउँपालिका कार्यालयले पुँजिगत लाभकर तथा जग्गाधनीहरुलाई जग्गा पास गर्न आउदा लागेका यातायात तथा होटलबास खर्चहरु गाउँपालिकाले चालु आ.व.मा विनियोजित बजेट अन्तर्गत वडा नं ७ को जग्गा प्रासिका लागि पुजिगत लाभकर तथा विविध खर्च शिर्षकबाट भुक्तानी गर्ने ।साथै जग्गाधनीहरुको नाम लेखिएको शिलालेखको काम सम्पन्न भएपछि भुक्तानी गर्ने ।

कपिल पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष

**निर्णय नं ६:**

प्रस्ताव नं ६ उपर अन्नपूर्ण गाउँपालिका वडा नं ७ महभिर अन्तर्गत ७ नं वडा कार्यालय भवन र कवर्डहल निर्माणको लागि विस्तृत परियोजनाको परामर्श सेवा खरिद गरि तद्इच् वमोजिम परामर्श सेवा द्वारा उक्त योजनाको Detailed Survey, Design,Drawing and Estimates of Ward No 7 Office Building and Covered hall at Annapurna Rural Municipality -07,Myagdi. (DPR) तयार गरि यस कार्यालयमा पेश भएको फाईनल प्रतिवेदन स्वीकृत गर्ने र यथासिघ्र टेण्डर प्रक्रिया अगाडी वढाउन निर्देशन दिने । साथै उक्त परियोजनाको म्एच् तयार गर्ने परामर्शदाता श्री Sharma Engineering Consultancy Pvt.Ltd Ka.Ma.Na.Pa 32.koteshwor, Kathmandu लाई संझौता वमोजिमको रकम भ्याट सहित रु ४९१३२४.०० (अक्षेरुपी चारलाख एकानब्बे हजार तिनसय चौविस रुपैया मात्र) ७ नं वडा कार्यालय भवनको विस्तृत परियोजना प्रतिवेदन/प्रारम्भिक वातावरणीय परिक्षण खर्च शिर्षक नं ३११३५ मा विनियोजन भएको रकम रु ७०००००/- मध्ये मिति २०८२।०४।०९ गतेको कार्यपालिका वैठकको निर्णय वमोजिम ७ नं वडा कार्यालय भवन र कवर्डहल निर्माणको लागि विस्तृत परियोजना प्रस्तावको परामर्श सेवा खरिद खर्च शिर्षक ३११३५ वाट भूक्तानी गर्ने ।

**निर्णय नं ७ :**

विविध प्रस्ताव उपर छलफल गर्दा तपसिल बमोजिम गर्ने ।

१) यस गाउँपालिकाको वडा नं ४ नारच्याङमा पर्ने विश्वको दशौं अग्लो हिमाल, अन्नपूर्ण प्रथम सरसफाईको कार्यक्रम उक्त कार्यसंग सम्बन्धित निकायहरुको समन्वय गरी हिमाल सरसफाई अभियान सञ्चालन गर्ने ।

२) यस अन्नपूर्ण गाउँपालिका कार्यालयले चालु आ.व. २०८२।८३ को पालिका स्तरीय छैठौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८२, यहि कार्तिक २०८२ कार्तिक २८ देखि ३० गते सम्म वडा नं राम्चेमा रहेको हिमाञ्चल मा.वि. नांगीमा गर्ने भनि **स्थानीय तह स्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको** मिति २०८२ कार्तिक १६ गतेको बैठकले गरेको निर्णयलाई अनुमोदन गर्ने ।

३) यस गाउँपालिका भित्र रहेका आय ठेक्का लाग्ने विभिन्न स्थानहरुमा आवश्यक पर्ने अत्यावश्यक सामग्रीहरु खरिद प्रकृया तत्काल अघि बढाउने ।

४) १ नं वडा कार्यालय दोवाको प.स.२०८२।८३, चलानी नं १४१, मिति २०८२।०७।२७ गतेको सिफारिस अनुसार अन्नपूर्ण गाउँपालिका वडा नं १ दोवा, म्याग्दी निवासी श्री बुद्धि बहादुर वि.क.को नाति, श्री गंगा बहादुर वि.क. तथा माया वि.क.को छोरा श्री संगम वि.क.

भारत कुमार पुन
अध्यक्ष

बिरामी भई पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरामा ICU मा उपचार गराईरहेको र निजको घर परिवारको आर्थिक अवस्था एकदमै कमजोर भएको भनि सिफारिस प्राप्त भएकाले निज संगम वि.क.को उपचारको लागि "अन्य आर्थिक सहायता" शिर्षकबाट रु २०,०००/- (अक्षेरुपी बीस हजार रुपैया मात्र) आर्थिक सहायता प्रदान गर्ने ।

५) यस गाउँपालिका कार्यालय अन्तर्गत स्वास्थ्यचौकीहरुमा रहेका रिक्त रहेका तपसिल वमोजिम स्वास्थ्यकर्मी तथा कर्मचारी सेवा करार मार्फत पदपूर्ती गर्ने ।

तपशिल :

| क्र.स. | पद | कैफियत |
|---|---|---|
| १ | अ.न.मी (सहायक चौथो) (SBA) | |
| २ | सहायक प्रथम | भुरुङ तातोपानी स्वास्थ्य चौकी |

६) यस गाउँपालिका अन्तर्गत आ.ब ०८०/०८१ मा बिभिन्न खोला तथा नदीहरुका प्रस्तावित वगर क्षेत्रहरुवाट दिगो तथा वातावरणमैत्री रुपले ढुङ्गा , गिट्टी तथा वालुवा (नदिजन्य पदार्थ ) उत्खनन् तथा संकलन कार्यको वातावरणीय परिक्षण (IEE) गर्ने कार्य सम्पन्न भएतापनि हालको अवस्थामा उक्त घाटहरुमा ढुङ्गा , गिट्टी तथा वालुवा (नदिजन्य पदार्थ )हरुको अवस्था के कति मात्रामा परिवर्तन भए वा नभएको साथै वातावरणीय परिक्षण (IEE) गर्दाको अवस्थामा छुट हुन गएको वडा नं ३ दाना अन्तर्गत पर्ने कालीगण्डकी नदिको नौमुरे घाट तथा धानखेत मुनीको घाट समेत समावेस गरि परिमार्जित वातावरणीय परिक्षण (IEE) तयार गरि नदीजन्य पदार्थ उत्खनन् गरी विक्री वितरण तथा आन्तरिक निकासी गर्नु पर्ने भएको र सो कार्यको परामर्श सेवा खरिदका लागि लागत ईष्टिमेट तयार गर्न स्वीकृत विभागीय नर्म्सहरु नभएको हुँदा तपसिल वमोजिमको परामर्श सेवा खरिदको लागि तपसिल वमोजिमको नर्म्सका आधारमा लागत अनुमान तयार गरि परामर्श सेवा खरिद गर्ने ।

| Name of the consultancy services :- Revised Initial Environmental Examination (IEE) for Extraction and Collection of Riverbed materials from Kaligandaki River,Mirasti khola and Ghar Khola in Annapurna Rural Municipality Myagdi . | | | | Remarks |
|---|---|---|---|---|
| **S.N** | **Professional /Supporting staff**<br>**Key Experts** | **Unit** | **Durations** | |
| **I** | **Key Staff** | | **desk study,Travel ,Field work, Office works,& Report preparation** | |
| 1 | Team Leader/Coordinator<br>**Environmental Engineer / Environmentalist** | days | 6.00 | |
| 2 | Geological study, assist team leader in conduction of meetings and assist in preparation of report<br>**Geologist** | days | 4.00 | |

कपिल पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| 3 | Hydrological study, assist teamleader in conduction of meetings and assist in preparation of report<br>**Hydrologist** | days | 3.00 | |
| 4 | Biological study, assist teamleader in conduction of meetings and assist in preparation of report<br>**Biologist / Ecologist** | days | 3.00 | |
| 5 | Social study, assist teamleader in conduction of meetings and assist in preparation of report<br>**Sociologist** | days | 3.00 | |
| II | **Support Staff** | | | |
| 1 | Draft Person/Cad operator | days | 2.00 | |
| 2 | Computer operator | days | 2.00 | |
| 3 | Surveyor/Sub Engineer | days | 4.00 | |
| 4 | Account/admin staff/Supervisor | days | 1.00 | |
| 5 | Support staff/Helper/Camp worker | days | 3.00 | |

**Note:**

1 Transportations of Personnels (Ls) 10% of cost of manpower Required
2 Tools and Equipment for Survey (Ls)10% of cost of manpower Required
3 Stationary and Logistic Support( LS) 5 % cost of manpower Required

८) यस गाउँपालिका अन्तर्गत रहेका विभिन्न खोला तथा नदीहरुका प्रस्तावित वगर क्षेत्रहरुवाट दिगो तथा वातावरणमैत्री रुपले ढुङ्गा , गिट्टी तथा वालुवा (नदिजन्य पदार्थ) उत्खनन् तथा संकलन कार्यको वातावरणीय परिक्षण (IEE) गर्ने कार्य सम्पन्न भएतापनि हालको अवस्थामा उक्त घाटहरुमा ढुङ्गा , गिट्टी तथा वालुवा (नदिजन्य पदार्थ )हरुको अवस्था के कति मात्रामा परिवर्तन भए वा नभएको साथै वातावरणीय परिक्षण (IEE) गर्दाका वखत छुट हुन गएको वडा नं ३ दाना अन्तर्गत पर्ने कालीगण्डकी नदिको नौमुरे घाट तथा धानखेत मुनीको घाट समेत समावेस गरि परिमार्जित वातावरणीय परिक्षण (IEE) गरि नदीजन्य पदार्थ उत्खनन् गरी विक्री वितरण तथा आन्तरिक निकासी गर्नु पर्ने भएको हुँदा संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भीक वातावरणीय परिक्षण कार्यविधि २०८० को दफा ८ मा भएको ब्यवस्था वमोजिम आ.व २०८०/०८१ मा स्वीकृत वातावरणीय परिक्षण अध्ययन प्रतिवेदन (IEE) परिमार्जन गर्न नियमानुसार परामर्श सेवा खरिद गरि यथासिघ्र प्रक्रिया अगाडी वढाउन स्वीकृति दिने साथै उक्त कार्यको लागि आवश्यक पर्ने वजेट विस्तृत परियोजना प्रतिवेदन/प्रारम्भिक वातावरणीय परिक्षण खर्च शिर्षक नं ३११७२ मा विनियोजन भएको रु ६०००००/- मध्येवाट ब्यवस्थापन गर्ने ।

कपिल पाण्डे
[illegible] प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष